## नवलपरासी जिल्लाको दाउन्नेदेवीमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाद्वारा

# ब्यवसायिक बाख्रापालन तालिम सम्पन्न




काठमाण्डौ नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका ३१ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ पौष २३ गतेदेखि २५ गतेसम्म नवलपरासी जिल्लाको गोपिगंजमा **"ब्यवसायिक बाख्रापालन तालिम"** सम्पन्न गरेको संस्थाका दाउन्नेदेवी शाखा कार्यालयका शाखाप्रमुख श्री उपेन्द्र गौतमले जानकारी गराएका थिए । यस तालिममा बर्दघाट नगरपालिकाका पशु प्राबिधिकहरु श्री अभिषेक लामिछाने र श्री सुवास न्यौपाने प्रशिक्षकका रुपमा रहेका थिए भने शाखाप्रमुख श्री उपेन्द्र गौतम तथा क्षेत्रीय कार्यालयका कार्यक्रम अधिकृत श्री पुर्णबहादुर खड्काको पनि उपस्थिति रहेको थियो । कार्यक्रमको उद्देश्य, महत्व, यसले पार्ने प्रभाब, आदीको बारेमा कार्यक्रम अधिकृत श्री पुर्णबहादुर खड्काले जानकारी गराएका थिए । त्यसैगरी कार्यक्रमको सभापतित्व गंगाबस्ती म.स. कि सदस्य श्री कामना रानाले गरेकी थिईन् भने कार्यक्रमको उद्घाटन श्री पुर्णबहादुर खड्काले गरेका थिए ।

लघु उद्यमीलाई विकास गरी एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका कार्यक्रम अधिकृत श्री पुर्णबहादुर खड्काले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्यबारे संस्थाको दाउन्नेदेवी शाखाका प्रमुख श्री उपेन्द्र गौतमले प्रकाश पारेका थिए ।

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा प्रदान गरिरहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशील विकास तालिम, वित्तीय साक्षरता, व्यवसायीक साक्षरता र सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौंद्धिक विकास गर्दै आईरहेको छ । संस्थाले देशको अतिदुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ । संस्थाले २०७६ मंसिर मसान्तसम्ममा ३ लाख ६९ हजार १ सय ५६ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । २०७६ मंसीर मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. २० अरब ३३ करोड रहेको छ भने ग्राहक सदस्यहरुका ११ अरब ८६ करोड बचत परिचालन गरेको छ । त्यसैगरी शाखा कार्यालय दाउन्नेदेवीले मंसीर मसान्तसम्म १,३५८ जना सदस्यलाई सेवा दिईरहेको तथा ८ करोड ३६ लाख कर्जा लगानी गरी २ करोड ७८ लाख ९२ हजार बचत संकलन गरेको छ ।




बाख्रापालन व्यवसायको परिचय, स्थानीय र उन्नत नश्लका जातमा भिन्नता, महत्व, आवश्यकता र वर्तमान स्थिति तथा बाख्राको जातीय परिचय र स्थानिय जातका बाख्रा पाल्नुको कारण तथा महत्व, बाख्रापालन विधि, खोरको महत्व, उन्नत वा सुरक्षितखोर निर्माण गर्न ठाउँको छनौट, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नतखोर निर्माण गर्ने तरिका र खोरमाहावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोतरको महत्व एवम् सोतरको लागि प्रयोग गरिने वस्तुहरु,

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

पाठापाठीको ब्यबस्थापन तथा यसलाई हुर्काउदा गर्नु पर्ने तयारीहरु, उन्नत बाख्राको पहिचान, नेपालमा हाल पालिदै आएको बाख्राहरुमा लाग्ने गरेका बिभिन्न रोगहरु उमेर अनुसार बाख्रालाई दिइने आहार यसको आबश्यकता र स्रोतहरु भुईघास डालेघास र बाख्राको चरन क्षेत्रबारे जानकारी साथै स्थानिय स्तरमा उपलब्ध साधन स्रोतको प्रयोग गरी सन्तुलित दाना निर्माण गर्ने तरीका, प्रजननको लागि बाख्रा तथा बोकाको छनौट गर्ने तरिका, प्रजनन गराउने उमेर, स्वजातिय तथा प्रजातिय प्रजननबाट हुने फाइदा तथा बेफाईदा, थारा ब्याउने बाख्रा, पाठापाठी र ब्याएको माउको हेरचाह, खोरमा दाना पानि दिने भाडाहरुको सरसफाई साथै खसी बनाउने उमेर र तरिकाको बारेमा जानकारी गराइएको थियो । कृषकको खोरमा अध्ययन भ्रमण, दुषित दानापानी तथा भिटामिन र खनिजतत्वको कमीबाट लाग्ने रोगहरु र आन्तरीक तथा वाह्य परिजिविबाट लाग्ने रोगहरुको परिचय, लक्षण उपचार तथा रोकथामका उपायहरु, रोगी तथा निरोगी बाख्राहरुको पहिचाहन, रोग लाग्नाको कारण तथा पिपिआर रोगको लक्षण उपचार तथा रोगथामका उपायहरुको बारेमा जानकारी गराइएको थियो साथै बाख्रामा लाग्ने टिम्पेनि, छेराउटे, छमासेरोग, खोरेत रोग तथा रेबिज रोगको लक्षण उपचार तथा रोगथामका उपायहरुबारे जानकारी गराइएको थियो । बाख्रामा हुने आन्तरीक तथा बाह्य परजिबिहरुको नियन्त्रण साथै खोपको कार्यक्रमबारे जानकारी गराइएको थियो । बाख्रापालन ब्यवसायको योजना तर्जुमा र अभिलेख राख्ने तरिका, स्थानिय जातको बाख्राको कमि कमजोरी संरक्षण तथा बिकास, बाख्रापालनको बजार ब्यबस्थापन र बाख्रापालनमा स्कीम आदिको बारेमा प्रशिक्षकद्धय अभिषेक लामिछाने तथा सुबास न्यौपानेले प्रशिक्षण दिनुभएको थियो । संस्थाले दिएका सेबाहरु कर्जा बचत बिमा तथा बिप्रेषण आदीको बारेमा जानकारी सहित ब्यबसाय गर्दा गर्न सकिने बचत, यसले जिबनमा पार्ने प्रभाव, बचत परिचालन र बचतका फाईदाहरु त्था संस्थाका सेवाहरुको बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको दाउन्नेदेवी शाखाका शाखाप्रमुख श्री उपेन्द्र गौतमले बताएका थिए । ब्यवसायिक रुपमा बाख्रापालन गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गरी ब्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका कार्यक्रम अधिकृत श्री पुर्णबहादुर खड्काले जानकारी गराएका थिए ।

तालिममा सहभागीले आफनो प्रतिबेदन बाचन गर्देतालिमको अन्त्यमा सहभागीहरु श्री अण कुमारी थापा, श्री कामना राना र श्री पार्बती पाण्डे लगायतले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा बाख्रापालन गरी आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरुलाई ब्यवसायमा प्रयोग गरी ब्यवस्थित र आधुनिक तरिकाले ब्यवसाय सञ्चालन गर्ने सहभागीहरुले बताएका थिए ।

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 




*सहभागिहरुका अपेक्षा संकलन*




*तालिम दिदै प्रशिक्षक*

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 





फिल्ड अबलोकन गर्न जादै सहभागीहरु



बाख्रा र दाना तथा घास व्यवस्थापनको अबलोकन गर्दा

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 


*खोर बिमा तथा बासस्थानको निरीक्षणमा सहभागिहरु किसान संग बुझ्ने क्रममा/ तालिममा प्रबिधिको प्रयोग*

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 